# चिचिला गाँउपालिका

# चिचिला राजपत्र

खण्डः ३ संख्याः प्रकाशित मितिः २०७६।१०।०२

## भाग - २

# भकारो सुधार कार्यक्रम सन्चालन कार्यविधि, २०७६

**चिचिला गाउँपालिका**

**भकारो सुधर कार्यक्रम संचालन कार्यविधि, २०७६**

**कार्यपालिका बैठकबाट सवीकृत मितिः २०७६।१०।०२**

**प्रस्तावनाः** चिचिला गाउँपालिका अधिकांश भू-भाग चुरे क्षेत्र भएको भौगोलिक रुपमा सुगम देखिएता पनि वाली उत्पादन क्षेत्रमा कम देखिएको स्थानिय तह हो । गाउँपालिकाको आर्थिक बिकासमा कृषिक्षेत्रको अग्रणी भुमिका रहेको छ । माटोको उर्वराशक्ती कायम गर्दै कृषिक्षेत्रको दिगो बिकास गरी खाघ्यन्नमा आत्मनिर्भर हुने संभावना प्रवल रहेको छ । वोट विरुवालाई आवश्यक खाघ्यतत्व प्रयाप्त मात्रामा पुर्ति गर्न प्राङगरिक/रासनिक मलको आवश्यक पर्ने भएकोमा रासयनिक मल समयमा उपलव्ध नहुँदा वर्षेनी कृषकहरुले समस्या व्यहोर्नु पर्ने भएकोले भकारो सुधार कार्यक्रम संचालन गरी प्रांगरिक मलको गुणस्तर बिकास गर्न अति आवश्यक भएको छ । दिगोरुपमा माटोको उर्वराशक्ती कायम राख्न परामपरागत तरिकाले उत्पादन हुने प्रांगरिक मलको मुख्य श्रोत गाईबस्तुको मलमुत्र नै हो । गाईबस्तुको मलमुत्रमा पाइने खाघ्यतत्वलाई बचाउन र गुणस्तर बृध्दि गर्न भकारो सुधार कार्यक्रम महत्वपुर्ण रहेको र भकारो सुधारबाट प्रांगरिक खेतीमा समेत महत्वपुरण योगदान दिनसक्ने भएको यथार्ततालाई समेत मध्यनजर गरी रासयनिक प्रभावबाट मानव स्वास्थ्यमा पर्नसक्ने प्रभावलाई केही हदसम्म कमगरी पर्यवरण संरक्षणमा समेत महत्वपुर्ण भुमिका खेल्ने भएकोले, चिचिला गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको हो ।

## परिक्षेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " भकारो सुधार कार्यक्रम संचालन कार्यविधि,२०७६" रहेको छ ।

(२) यो कार्यविधि चिचिला गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **" कार्यपालिका "** भन्नाले चिचिला गाउँपालिकाको कार्यपालिकालाई सम्झिनु पर्दछ ।

(ख) **" इकाई "** भन्नाले चिचिला गाउँपालिकाको कृषि सेवा इकाई लाई सम्झिनु पर्दछ ।

(ग) **" समिति "** भन्नाले कार्यविधिको दफा १२ बमोजिम गठन हुने समितिलाई सम्झिनु पर्दछ ।

(घ) **"वडा"** भन्नाले चिचिला गाउँपालिकाको वडालाई सम्झिनु पर्दछ ।

**३. कार्यक्रम संचालनको उदेश्यः** भकारो सुधार कार्यक्रमको उदेश्य देहाय बमोजिम रहनेछ ।

(क) गुणस्तरिय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्रांगरिक उत्पादनलाई जोड दिने ।

(ख) रासयनिक मलको प्रयोग कम गरी कृषि उत्पादन लागत घटाउने ।

(ग) दिगो कृषि बिकास गरी खाघ्य सुरक्षामा योगदान पु-याउने ।

(घ) कम्पोष्ट मल तयार गरी वातावरण सस्थ्य राख्ने ।

## परिक्षेद -२

## कार्यक्रम संचालन प्रकृया

४. **कार्यक्रम संचालन गरिने वडाहरुः** चिचिला गाउँपालिकाको सवै वडाहरुमा यो कार्यक्रम संचालन गरिने छ।

५. **कार्यक्रम संचालन गरिने वडा तथा समुह छनौटः** गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम र गाउँपालिकाले गरेको सुचना अनुसार कृषक समुहले गरेको प्रस्तावको आधारमा दफा १२ बमोजिमको समितिले पशुपालन तथा व्यवसायिक कृषि पकेट क्षेत्रलाई लक्षित गरी वडा तथा समुहको छनौट गर्नेछ।

६. **कार्क्रम संचालनका लागि कषक छनौटका आधार र संचालन प्रकृया देहाय बमोजिम हुनेछः**

(क) दफा ५ बमोजिम वडा र समुह छनौट भएपश्चात कार्यक्रम संचालनका लागि सम्बन्धित समुहको बैठकले भकारो सुधारका लागि घरधुरीको छनौट गर्नुपर्नेछ।

(ख) समुह/सहकारी तथा फार्म दर्ता गरी सकृय रुपमा व्यवसायिक कृषि कार्य गरी आएको कृषक/कृषक समुहलाई प्राथमिकता दिईनेछ।

(ग) कम्तीमा ५ वटा गाईबस्तु पालेको कृषकलाई प्राथमिकता दिईनेछ। कृषक घरधुरीहरुको छनौट गर्दा कृषक समुहले प्राविधिकको सहयोगमा ५/५ जनाको क्लष्टर बनाई एकै ठाउमा पर्ने गरी गर्नु पर्नेछ।

(घ) एउटै व्यक्ती वा समुहलाई दोहोरो पर्ने गरी सुविधा वा अनुदान दिईने छैन।

(ङ) घरधुरीको छनौट भएपछि सो को जानकारी समुहले कृषि सेवा इकाईमा दिनुपर्नेछ। उक्त जानकारी गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ।

(च) क्लष्टरमा कार्यक्रम संचालन गर्न चाहने कृषकको संख्या लक्ष्य भन्दा बढी भएमा दलित, जनजाती तथा लोपोन्मुखलाई प्राथमिकता दिई समितिले सिफारिस गरे बमोजिम कार्यक्रम सन्चालन गरिने र कृषकको संख्या लक्ष्य भन्दा कम भएमा २ वटा सम्म क्लष्टर मिलाई कार्यक्रम संचालन गरिनेछ।

७. **Focal Person तोक्नु पर्नेः** भकारो सुधार कार्यक्रमलाई प्रभाकारी रुपमा सन्चालन गर्न र आवश्यक प्राविधिक सहयोग गर्नका लागी गाउँपालिकाले एकजना प्राविधिक कर्मचारीलाई Focal Person को रुपमा तोक्नु पर्नेछ।

८. **न्युनतम मापदण्ड पुरा हुनुपर्नेः** भकारो सुधार गर्दा कम्तीमा ५ वटा पशुका लागी गहुँत नचुहिने गरी पक्की गरिनु पर्ने, गहुँत संकलन ट्यांकीको व्यवस्था हुनुपर्ने र भकारो अर्थात मलखाँद फ्याँक्ने खाँडललाई घामपानीबाट जोगाउनको लागि छानोको व्यवस्था गरेको र प्राविधिकले तोके अनुसारको मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

९. **अनुदान रकमको व्यवस्थाः** समितिबाट छनौट भएका कृषक समुहलाई मुल्याङकन गरी प्रति भकारो सुधारको लागि कम्तीमा रु ५०,०००।– (पचास हजार) अनुदान रकम अथवा सो बराबरको सामाग्री उपलव्ध गराईनेछ। साथै, अनुदान अनुरुप कार्यान्वयन नगरेमा कृषक आफैले बेहोर्नु पर्नेछ।

१०. **अनुदान रकम प्रवाहको व्यवस्थाः** भकारो सुधार कार्य सम्पन्न भएपछि सम्बन्धित प्राविधिकले सो को गुणस्तर निरिक्षण गरी प्राविधिक र समितिको सिफारिस प्राप्त भएपछि मात्र कृषकलाई चिचिला गाउँपालिकाले अनुदान उपलव्ध गराउनेछ।

११. **कार्यक्रम अनुगमनको व्यवस्थाः** कार्यक्रमको नियमित अनुगमन दफा १२ बमोजिमको समितिले गर्नेछ। अनुगमन गरेवापत गाउँपालिकाले नियमानुसार यातायात खर्चको व्यवस्था गर्नेछ।

१२. **कृषि बिकास समितिको गठनः** गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिम कृषि बिकास समिति गठन हुनेछ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | - संयोजक |
| (ख) आर्थिक बिकास समितिको संयोजक | -सदस्य |
| (ग) सम्बन्धित वडाको वडाध्यक्ष | -सदस्य |
| (घ) अगुवा कृषक समुहका प्रतिनिधि | -सदस्य |
| (ङ) कृषि सेवा इकाई प्रमुख | - सदस्य सचिव |

**अनुसूची -१**

**निवेदनको ढाँचा**

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
चिचिला गाउँपालिका।

विषयः भकारो सुधार कार्यक्रममा सहभागी गराई दिनु हुन।

प्रस्तुत विषयमा चिचिला गाउँपालिकाको आ.व. २०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार मिति २०७६।...।.... मा प्रकाशित भकारो सुधार कार्यक्रम संचालन गर्ने सम्बन्धी सुचना अनुसार मलाई मलइ'नको लागि १ वटा भकारो सुधार कार्यक्रम आवश्यक रहेको हुँदा सो कार्यक्रममा सहभागी हुन तपसिल अनुसारको बिबरण भरी यो निवेदन पेश गरेको छु।

संलग्न कागजातहरुः

१.निवेदन रु १० को टिकट।
२.नेपाली नागरिकताको प्रमाण- पत्रको प्रतिलिपी
३.सम्बन्धित वडाको सिफारिस
४.कृषि सम्बनधि तालीम लिएको भए प्रमाण-पत्रको प्रतिलिपी
५.समुह सहकारीको माग निर्णयको प्रतिलिपी।
६.कृषि फार्म भए दर्ता प्रमाण-पत्र तथा कर चुक्ताको प्रमाण-पत्र

निवेदक
दस्तखतः
कृषकको नामः
ठेगानाः
सम्पर्क नं.

**आज्ञाले**
**प्रकाश मगर**
**प्रमुख प्रशासकीय अधिकृत**